# दूर शिक्षा र सामाजिक न्याय शिक्षाको अन्तरसम्बन्ध

**किसानप्रसाद अधिकारी**
उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, पोखरा

## सार सङ्क्षेप

**दूर शिक्षाले सामाजिक दृष्टिले न्यायपूर्ण शिक्षाको कार्यान्वयनमा मेरुदण्डको काम गर्दछ । शिक्षाका विभिन्न प्रकारबाट सामाजिक न्यायलाई प्रवर्धन गर्न सकिन्छ । औपचारिक शिक्षा, दूर शिक्षा, अनौपचारिक शिक्षाका अन्य आयामहरू र अनियमित शिक्षा आदि यस्तै प्रकारका शिक्षाका माध्यम हुन् । सामान्यतः विकसित राष्ट्रहरूका तुलनामा विकासशील राष्ट्रमा बढी मात्रामा विसङ्गतिहरूको हाबी हुन गएको देखिन्छ । त्यसको मुख्य कारण अशिक्षा हो । व्यक्ति जति बढी शिक्षित हुँदै जान्छन् त्यत्तिकै मात्रामा व्यक्तिको सोचाइमा परिवर्तन हुँदै जान्छ । सामाजिक न्याय शिक्षाको प्रवर्धनका लागि दूर शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । दूर शिक्षाले सामाजिक न्याय शिक्षाको विकासका लागि समाजको भौगोलिक विकटता एवम् दुर्गम स्थान विशेषमा जीवनयापन गर्ने व्यक्तिहरू साथै समाजमा रहेका अपाङ्गता भएका व्यक्ति, असहाय र विविध अधिकारहरूबाट बञ्चित व्याक्तिहरूको हित र रक्षालाई सामूहिक कार्यका रूपमा स्वीकार गर्नुपर्दछ भन्ने कुरामा विश्वास राख्छ । दूर शिक्षालाई केन्द्र बिन्दुमा राखी सामाजिक न्याय शिक्षाका दृष्टिले कुनै खेलको मैदानभित्र रहेको कुनै खेलाडीलाई पक्षपात गर्न मिल्दैन । दूर शिक्षाका माध्यमबाट प्राप्त गर्न सकिने सामाजिक न्याय शिक्षा सामूहिक स्वार्थ हो । समाजमा न्याय प्रदान गरेर मानव सम्बन्धलाई बलियो बनाउँदै सामाजिक एकता कायम गर्ने अवधारणा जुनसुकै समाजमा उत्पन्न भएको पाइन्छ । प्राचीन समाजमा समेत दूर शिक्षाको परम्परा थियो । यसै गरी मध्यकालीन समाजमा पनि यसको आफ्नै किसिमकले प्रयोग गर्दै आइएको थियो । आधुनिक समाजले सामाजिक न्याय शिक्षालाई समय र परिस्थितिअनुरूप उन्नत र प्रभावशाली बनाई राख्नमा दूर शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको तथ्यलाई आजको खुला चिन्तनवादी समाजले स्वीकार गरेको पाइन्छ ।**

## विषय प्रवेश

समाज विविध व्यक्तिहरूको समूह हो । विविधता नै व्यक्तिगत भिन्नताको आधार हो । प्रकृतिको आफ्नै नियम हुन्छ । प्रकृतिले कसैलाई अन्याय गर्दैन । प्रकृतिको नियम सामाजिक नियमभन्दा फरक हुन्छ । प्रकृतिको नियमलाई तोड्ने व्यक्तिको सामर्थ्य हुँदैन । समाजद्वारा सिर्जित व्यक्ति व्यक्तिबिचको विविधतालाई निराकरण गर्न सक्छौं । यसरी समाजद्वारा निर्मित असमानता हटाई समानता ल्याउन पहल गर्नु सामाजिक न्याय शिक्षाको दायित्व हो (अधिकारी, २०५७ : १-३) । समाजभित्र रहेका असमानताहरू, जस्तै : जातजाति, वर्ग, धर्म आदि क्षेत्रमा हुने भेदभावबिना समाजमा विद्यमान सबै प्रकारका बन्धन र असमानताको अन्त्यका लागि सबैका लागि शिक्षा, नागरिक स्वतन्त्रता, सहभागिता, शक्तिको वितरण, सम्पत्तिको अवसर र स्रोतको न्यायोचित वितरण गर्नु नै सामाजिक न्याय शिक्षाको जिम्मेवारी हो (अधिकारी, २०५७ : १-३) ।

दूर शिक्षा शिक्षाको यस्तो माध्यम हो जसले सामाजिक न्याय शिक्षाको प्रवर्धनमा मेरुदण्डको काम गर्दछ । विभिन्न प्रकारबाट सामाजिक न्याय शिक्षालाई प्रवर्धन गर्न सकिन्छ, जस्तै : दूर शिक्षा, औपचारिक शिक्षा, अनौपचारिक शिक्षाका आयामहरू र अनियमित शिक्षा आदि (अधिकारी, सन् २०१४ : ३२) । सामान्यतः विकसित राष्ट्रहरूका तुलनामा विकासशील राष्ट्रमा बढी मात्रामा विसङ्गतिहरूको हावी हुने गरेको देखिन्छ ।

त्यसको मुख्य कारण अशिक्षा हो । व्यक्ति जति बढी शिक्षित हुँदै जान्छ त्यत्तिकै मात्रामा उसको सोचाइमा पनि परिवर्तन हुँदै जान्छ । दूर शिक्षाद्वारा समाजमा चेतनाको विस्तार गर्नका साथै सामाजिक न्याय शिक्षा व्यवस्थापनका लागि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । सामाजिक न्याय शिक्षाको प्रवर्धनमा दूर शिक्षा सबैभन्दा प्रभावकारी माध्यम वा उपाय हो । दूर शिक्षा यस्तो सही विकल्प हो, जसले सामाजिक न्याय शिक्षाको कार्यान्वयनमा हर प्रकारले मद्दत गर्दछ । दूर शिक्षालाई चेतना विकासको सशक्त माध्यम, समाज परिवर्तनको वाहक र मानवीय सशक्तीकरणको प्रमुख हतियार मानिन्छ (अधिकारी, सन् २०१४ : ३२) । यसले मानवीय व्यवहार, मनोवृत्ति साथै सोचाइमा परिवर्तन ल्याउँछ । अर्को अर्थमा यसले मानवीय समाजलाई फराकिलो बनाउँदै जान्छ र सामाजिक न्याय शिक्षाका कदमहरूमा चेतना अभिवृद्धिका कार्यहरू र न्याय सम्बन्धी उपायहरूप्रति मानिसलाई सचेत बनाउने कार्य गर्छ ।

विश्वमा समग्र शिक्षा पद्धति र सामाजिक न्याय शिक्षाको अवस्था खस्कँदो छ । यसको प्राप्ति तथा उचित व्यवस्थापनका लागि दुवै प्रकृतिका शिक्षाका विभिन्न रूप र सारमा समेत ध्यान पुऱ्याउनुपर्ने आवश्यकता बढ्दै गएको छ । विकास सबै राष्ट्रहरूमा समानुपातिक रूपमा नहुनु, विकट भौगोलिक बनोट, सामाजिक कुसंस्कार र अन्ध विश्वास आदि कारणहरूले सामाजिक असमानता पैदा हुन गएको पाइन्छ (अधिकारी, २०६८ :) । दूर शिक्षा सामाजिक चेतनाको माध्यम हो । सामाजिक न्याय शिक्षा समाज सुसञ्चालनको एक व्यवस्थित नियम तथा पद्धति हो । यो सत्यतामा आधारित न्यायिक प्रणाली हो । सामान्य अर्थमा भन्नु पर्दा सामाजिक न्याय शिक्षा कुनै पनि कुराहरूलाई सत्य-असत्य, सही गलत, पक्षपातरहित साथै राम्रो नराम्रो के हो भनेर छुट्याउने वा केलाउने आधार हो । प्रत्येक समाजलाई मान्य हुने, समाजले सहज रूपमा स्वीकार गर्ने र कसैले थिचोमिचोको अनुभव गर्न नपर्ने अवस्था समाजमा स्थापित गर्नका लागि सामाजिक न्याय शिक्षाको भूमिका महत्त्वपूर्ण मानिन्छ (अधिकारी, २०५७ : ३) ।

## दूर शिक्षा

भौगोलिक विकटता भएका स्थान विषेशमा सरल ढङ्गले सुविधा सम्पन्न तरिकाबाट प्रदान गरिने शिक्षालाई दूर शिक्षा भनिन्छ । दूर शिक्षाका कार्यक्रमहरू हरेक देशले आफ्नो भौगोलिक स्थिति र साधन स्रोतको अवस्थाअनुसार सञ्चालन गर्ने गर्दछन् । भौगोलिक विकटता साथै न्यून जनसङ्ख्या रहेका स्थानहरूमा दूर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । फुर्सदको समयलाई सदुपयोग गरी सिकारुले आफ्नो उद्देश्य क्रमिक रूपमा पुरा गर्न सकिने व्यवस्था यसमा मिलाइएको हुन्छ (अधिकारी, सन् २०१४ : ३२-३३) । दूर शिक्षाका लागि रेडियो, टि.भी., फोन, इमेल, इन्टरनेट, फयाक्स, हुलाक साथै विभिन्न सूचना तथा सञ्चारका माध्यमको उपयोग गर्न सकिन्छ । यस बारेमा किङ्ग र बर्टेसन (King and Berteson, 1996) भन्छन्, “सिकारुलाई शिक्षकबाट छुट्याइएको एवम् समय वा स्थानको हिसाबले सिकारुलाई शिक्षणबाट छुट्याएको औपचारिक वा अनौपचारिक शिक्षण विधिहरूको समूहलाई दूर शिक्षा भनिन्छ ।” उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले शैक्षिक प्रशिक्षणका कार्यक्रमलाई व्यापकता दिन स्थानीय आवश्यकताअनुसार दूर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ भन्ने कुरालाई जोड दिएको छ (अधिकारी, सन् २०१४ : ३२-३३) ।

दूर शिक्षाको विकास अनौपचारिक शिक्षाको विकास क्रम सँगसँगै भएको पाइन्छ । खुला सिकाइ प्रक्रियाको विकास र दूर शिक्षाको विकास क्रमलाई हेर्दा लगभग खुला शैक्षिक अवधारणको समयदेखि दूर शिक्षाको विकास भएको पाइन्छ । सन १९६२ मा युनेस्को (UNESCO) ले आफ्नो प्रतिवेदनमार्फत दूर शिक्षा र जीवनपर्यन्त शिक्षालाई जोड दिएको पाइन्छ । सन् १९९८ को डिसेम्बर १४ देखि १८ सम्म थाइल्यान्डको बैङ्ककमा दूर शिक्षाको सिकाइ र व्यवस्थापन (The learning and management of distance learning) सम्बन्धी कार्यशाला सम्पन्न गऱ्यो । सन् २००१ मा बढी जनसङ्ख्या भएको मुलुकलाई जोड दिँदै युनेस्को (UNESCO) ले एउटा

प्रतिवेदन प्रस्तुत गऱ्यो । नेपालमा भने सन् १९७८ मा प्राथमिक शिक्षकलाई रेडियो शिक्षण तालिम कार्यक्रमको आयोजना गरी तालिम दिइएको थियो (अधिकारी, सन् २०१४ : ३२-३३) । २०५० साल (सन् १९९४) श्रावण १ गते भक्तपुरमा दूर शिक्षाको आफ्नै कार्यालय स्थापना गरी यो कार्यक्रमको सञ्चालन गरियो । वर्तमानमा शिक्षा मन्त्रालयको मातहतमा शैक्षिक जनशक्ति विकास केन्द्रसँग समन्वय गरी शिक्षकलाई तालिम दिने र आफ्ना विविध दूर शिक्षाका कार्यक्रम सञ्चालन गर्ने कार्य यसैअन्तर्गत भइरहेको छ । दूर शिक्षाका विशेषताहरू निम्न अनुसार रहेका छन् :

१. आर्थिक दृष्टिले कम खर्चिलो र धेरै विद्यार्थीलाई एकै साथमा संलग्न गरी शिक्षा आर्जन गराउन सकिन्छ,
२. विषय विशेषज्ञले तयार गरेका शैक्षिक सामग्रीमार्फत यो कार्यक्रम सञ्चालन गर्न सकिन्छ,
३. उच्च शैक्षिक संस्थामा संलग्न शिक्षकलाई विशेष पारिश्रमिक दिएर कार्यक्रम सञ्चालन गर्न सकिन्छ,
४. विद्यालय भवन, फर्निचर साथै अनौपचारिक शिक्षण संस्थाको आवश्यकता पर्ने हुन्छ,
५. विद्यार्थीलाई प्रवेशमा समस्या हुँदैन साथै परीक्षाको नतिजा प्रकाशन समयमै गर्न सकिन्छ,
६. शैक्षिक लचकता हुने भएकाले सबै तहमा नयाँ नयाँ विषयहरू सञ्चालन गर्न सकिन्छ,
७. सूचना, सञ्चारका माध्यममार्फत निश्चित ठाउँ विशेषबाट शैक्षिक कार्यक्रम प्रसारण गरी धेरै विद्यार्थीलाई प्रशिक्षित गराउन सकिन्छ,
८. सिक्नका लागि कुनै समय, स्थान, जातजाति, वर्ण, लिङ्ग र उमेर जस्ता सीमाहरूको बन्देज हुँदैन,
९. सिकारुको चाहना, आवश्यकता साथै औपचारिक शिक्षाबाट बञ्चित हुनेहरूका लागि अनिवार्य जस्तै मानिन्छ,
१०. सिकारुलाई निरन्तर सिक्नका लागि प्रोत्साहन गरिरहने हुन्छ ।

## दूर शिक्षाका उद्देश्यहरु

दूर शिक्षाका उद्देश्यहरू निम्न लिखित छन् :

१. सबै नागरिक वा व्यक्तिलाई शिक्षाको अवसर प्रदान गर्नु,
२. औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिलाई शिक्षाको मूल धारमा ल्याउनु,
३. समुदायमा उपयोगी हुने विविध शैक्षिक कार्यक्रम प्रसारण गरी सुसूचित गराउनु,
४. गुणात्मक शिक्षामा सहयोग पुऱ्याउन शिक्षा प्रदान गर्ने शिक्षकहरूलाई तालिमका माध्यमबाट आवश्यक ज्ञान सिप उपलब्ध गराउनु,
५. औपचारिक शिक्षामा भएको चापलाई सहज बनाउन सहयोग गर्नु,
६. पेसागत दक्षता र व्यावसायिक ज्ञान बढाउन सहयोग पुऱ्याउनु,
७. शिक्षण सिकाइ र मूल्याङ्कन पद्धतिमा स्तरीयता प्रदान गर्नु,
८. आफूले चाहेको ठाउँ विशेष र विषय वस्तुमा विविध कारणले अध्ययन गर्नबाट बञ्चित हुनेहरूका लागि अवसर प्रदान गर्नु,
९. विद्यालय र उच्च शिक्षालाई सर्वसुलभ बनाउन सहयोग पुऱ्याउनु,
१०. फुर्सदको समय सदुपयोग गरी निरन्तर शिक्षालाई जोड दिन सहयोग गर्नु ।

## दूर शिक्षाका कार्यक्रमहरू

दूर शिक्षासँग सम्बन्धित कार्यक्रमहरू निम्न लिखित छन् :

१. कम सुविधा प्राप्त समूहका लागि शैक्षिक कार्यक्रम,

२. महिलाहरूका लागि शैक्षिक कार्यक्रम,

३. अल्पसङ्ख्यक समूहका लागि शैक्षिक कार्यक्रम,

४. विद्यालय छाड्नेहरूका लागि शैक्षिक कार्यक्रम,

५. युवा तथा प्रौढहरूका लागि शैक्षिक कार्यक्रम,

६. रोजगारका लागि शैक्षिक कार्यक्रम,

७. विद्यार्थीका लागि विशेष विषयका विशेष शैक्षिक कार्यक्रम,

८. अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष शैक्षिक कार्यक्रम,

९. विभिन्न पेसामा आबद्ध व्यक्तिहरूका लागि सिपमूलक पेसागत तालिम कार्यक्रम,

१०. शिक्षकहरूका लागि शैक्षिक तालिम कार्यक्रम ।

## सामाजिक न्याय शिक्षा

सामाजिक न्याय शिक्षा समाजमा सुशासनको व्यवस्थापन गर्ने उपाय हो । मानिसले जस्तो शिक्षा पायो, त्यस्तै व्यवहार प्रस्तुत हुने गर्दछ । सामाजिक न्याय शिक्षा समाजमा त्यति बेला स्थापित भएको मानिन्छ, जुन समाजमा रहेका विभिन्न किसिमका जात जाति, वर्ग समुदाय बिना भेदभाव, बिना हिचकिचाहट, बिना आग्रह र पूर्वाग्रह आफ्ना कुराहरू राख्दै विकासको गतिमा आफूलाई अगाडि बढाउँछन् (अधिकारी, सन् २०१४ : १०६-१०८) । यो प्रजातान्त्रिक मूल्य मान्यता हो । यस्तो मान्यताको मुख्य स्रोत सामाजिक न्याय शिक्षा हो । शिक्षाले शैक्षिक संस्थालाई न्यायउन्मुख बनाउन सहयोग पुऱ्याउँछ । शैक्षिक समाजमा शिक्षकले विद्यार्थीलाई समभावका हिसाबले व्यवहार गरी गुणस्तरीय शिक्षाका लागि प्रेरित गर्नुपर्दछ । आजको खुल्ला समाजमा सामाजिक न्याय शिक्षाको बढीभन्दा बढी आवश्यकता महसुस भएको छ । यसको परिपूर्तिका लागि विद्यार्थीहरूलाई प्रत्येक कक्षा क्रियाकलापबाट सुसूचित गराउनु शिक्षक र शैक्षिक संस्थाको मुख्य दायित्व मानिन्छ । समाजमा पर्ने शिक्षाको प्रभावबाट निर्देशित हुने सभ्य समाजको उदाहरण वास्तविक सामाजिक न्याय शिक्षाको प्रतिबिम्ब वा स्वरूप हो (अधिकारी, सन् २०१४ : १०६-१०८) ।

न्यायलाई अङ्ग्रेजीमा Justice भनिन्छ- यो शब्द अङ्ग्रेजीको Just बाट आएको हो । यहाँ Just को अर्थ Fair निष्पक्ष, सफा, न्याययुक्त, जालसाझी नगरिएको भन्ने हुन्छ (Adhikari, 2014)। त्यसैले Justice शब्दको अर्थ जुन कुरा सही छ, त्यसको रक्षा गर्नु भन्ने हुन्छ । सामान्यतया Justice को नेपाली अर्थ भेदभाव नगर्नु र निष्पक्षताको आधारमा सबैलाई समान व्यवहार गर्नु भन्ने हुन्छ । यसरी सही कुराको रक्षा र उपयोग गरी सत्य तथ्यमा आधारित भएर पक्षपातरहित कार्यलाई व्यवहार उतार्नुलाई न्याय भनिन्छ । समाजमा रहेका नागरिकमाथि कुनै प्रकारको भेदभाव नगरी सही, सत्य, तथ्य र तर्कलाई आधार मानेर गरिने व्यवहारलाई सामाजिक न्याय शिक्षाको प्रमुख कार्य मानिन्छ ।

सामाजिक न्याय शिक्षा भन्नाले विशेष सिकाइ आवश्यकता भएका बाल बालिकाहरू खासगरी सामाजिक, आर्थिक रूपले पछि परेका, अपाङ्गता भएका बाल बालिका, अल्पसङ्ख्यक भाषाभाषी, दलित समुदायका बाल बालिकाहरू, दुर्गम क्षेत्रका बालबालिकाहरू, कठिन परिस्थितिमा परेका बालबालिकाहरू आदि सबैलाई भेदभाव नगरी नियमित विद्यालय पढ्न पाउने अवसर प्रदान गर्ने शैक्षिक परिपाटीलाई बुझिन्छ (कोइराला र आचार्य

२०६१) । सामाजिक न्याय शिक्षाको सैद्धान्तिक अवधारणाले लैङ्गिक, सामाजिक, आर्थिक, जातीय, धार्मिक, भाषिक, सांस्कृतिक आधारमा भेदभाव नगरी सबै समूहका बाल बालिकाहरूसँगै कक्षामा बसी पढ्न पाउने अवसरको व्यवस्थापकीय पक्षलाई जोड दिएको हुन्छ ।

सामाजिक न्याय शिक्षाले विद्यालयमा मात्र नभई समाजमा हुने गरेका सामाजिक विभेदका विरुद्ध नैतिक एवम् सामाजिक न्यायको आवाज उठाउँछ । समाजमा उचनिच, आर्थिक सम्पन्नता विपन्नता, सानो ठुलो, छुवाछुत, धनी गरिब आदि विविधता रहे तापनि बालक एक सामाजिक प्राणी हुन्, समाजको एक सदस्य हुन्, शिक्षा प्राप्त गर्नु उनीहरूको जन्मसिद्ध अधिकार हो । प्राकृतिक न्यायको सिद्धान्तले कसैलाई पनि भेदभाव गर्नु, गराउनु हुँदैन, बालक त्यही समाजमा जन्मन्छन्, हुर्कन्छन् र बढ्छन्, अतः उनीहरूले समाजमा शिक्षा प्राप्त गर्न पाउनुपर्दछ भन्नु सामाजिक न्याय शिक्षाको प्रमुख आशय हो (अधिकारी, सन् २०१४ : १०६-१०८) । समाजमा आर्थिक रूपबाट पिछडिएका, सामाजिक रूपबाट बहिष्कार भएका वा तल्लो वर्गमा परेका, विभिन्न कारणले पिछडिएका जाति, जनजाति र आदिवासी तथा शारीरिक र मानसिक रूपबाट कमजोर भएका वा विविध सुविधाबाट बञ्चित भएका बालबालिकालाई भेदभाव नगरी सामाजिक न्यायका आधारमा सबैलाई शिक्षा प्रदान गर्नु सामाजिक न्याय शिक्षाको प्रमुख उद्देश्य हो (अधिकारी, २०५७ : ३) ।

समाजमा विभिन्न किसिमका सामाजिक, आर्थिक, शैक्षिक तथा बौद्धिक गतिविधिहरू हुने गर्दछन् । ती गतिविधिहरू सञ्चालन गर्न समाजले निश्चित किसिमका नीति/नियमहरू अवलम्बन गरेको हुन्छ । यसका आधारमा निष्पक्षताको सिद्धान्त अवलम्बन गरी शैक्षिक गतिविधिहरू कार्यान्वयन गर्नु, गराउनुलाई सामाजिक न्याय शिक्षा भनिन्छ । जसरी समाजमा आर्थिक गतिविधिहरू सुसञ्चालन गर्न आर्थिक नीतिको आवश्यकता पर्दछ त्यसैगरी शैक्षिक गतिविधि सञ्चालनमा समेत शैक्षिक नीतिको आवश्यकता पर्दछ । शिक्षाको समान अवसर, वितरण र सोको कार्यान्वयन गरी समाजमा रहेका असमानता, विभेद, छुवाछुत, उच निच जस्ता पक्षहरूलाई हटाउनु र सबैलाई समान दृष्टिकोणबाट हेर्नु सामाजिक न्याय शिक्षा हो (कोइराला र आचार्य २०६१) ।

आजको २१ औं शताब्दीलाई विश्व समुदायले शिक्षामा समतामूलक पहुँच र सामाजिक न्याय शिक्षा अवलम्बन गर्ने प्रमुख पक्षका रूपमा स्वीकार गरेको छ । शिक्षालाई आज विकासको प्रक्रियाको रूपमा लिइन्छ, जुन वर्तमान समयमा एक आधारभूत आवश्यकताका रूपमा परिणत भइसकेको छ । जबसम्म समुदायमा रहेका सबै वर्ग, क्षेत्र, लिङ्ग र सम्प्रदायका बालबालिकाको शिक्षामा पहुँच हुँदैन तबसम्म उनीहरूले सामाजिक जीवनका अति आवश्यक पक्षमा अवसर प्राप्त गर्न सक्दैनन् (अधिकारी, सन् २०१४ : १०६-१०८) । सामाजिक न्याय शिक्षाको मूल्य मान्यतामा आधारित भएर बिना भेदभाव शिक्षाको अवसरलाई जोड दिइएको पाइन्छ । जस्तै : नेपालको सन्दर्भमा आधुनिक कालमा भएका सामाजिक न्याय शिक्षाका केही प्रयास एवम् अवधारणाहरू निम्नानुसार छन् :

१. अनिवार्य प्राथमिक शिक्षाको अवधारणा,
२. शिक्षाको गुणस्तर विकासको अवधारणा,
३. शिक्षामा समान अवसरको अवधारणा,
४. शिक्षामा लैङ्गिक समानताको अवधारणा,
५. शिक्षामा बालबालिका सम्बन्धी नियम कानुनको अवधारणा,
६. उत्पीडित जाति जनजातिको शैक्षिक, विकासको अवधारणा,
७. मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकारको अवधारण ।

वर्तमान समयमा प्रत्येक समुदाय र राष्ट्रले सामाजिक न्याय शिक्षाका विभिन्न अवधारणालाई कार्यान्वयनमा ल्याएका छन् । विश्वव्यापी रूपमा विकास भएका कानुनी अवधारणाहरू निम्नानुसार छन् :

१. मानव अधिकार (Human right),
२. बाल अधिकार (Child right),
३. समावेशी शिक्षा (Inclusive education),
४. अपराधीका लागि शिक्षा (Education for deliquents),
५. सुविधाविहीन समूहका लागि शिक्षा (Education for disadvantages group) ।

## सैद्धान्तिक दृष्टिकोण

दूर शिक्षाको प्रयोजनार्थ सामाजिक न्याय शिक्षाको सैद्धान्तिक आधारले प्रजातन्त्र (Democracy), सहभागिता (Participation), सकारात्मको सोच (Affirmative thinking), समावेशीकरण (Inclusive), शक्तिको प्रयोग (Use of power) साथै सामाजिक परिघटना (Social phenomenon) आदि पक्षलाई जोड दिएको हुन्छ (Adhikari, 2014) । सामाजिक न्याय शिक्षा एउटा प्रक्रिया हो । दूर शिक्षा र सामाजिक न्याय शिक्षा समतामूलक समाज निर्माणमा लक्षित हुन्छन् । दूर शिक्षा र सामाजिक न्याय शिक्षाले परम्परागत समाजमा भएको अन्याय, दमन, शोषण, अत्याचार, दूराचार जस्ता मूल्य मान्यतालाई अध्ययन गरी समतामूलक समाज निर्माणमा प्रेरित गर्दछ । नेपालका सन्दर्भमा भौगोलिक विकटता, जात जाति, भाषा भाषी, वर्ग, लिङ्ग, छुवाछुत जस्ता व्यावहारिक क्रियाकलाप परम्परागत समाजमा रहेको पाइन्छ (अधिकारी, सन् २०१४ : १०६) । दूर शिक्षामार्फत समाजमा सामाजिक न्याय शिक्षा स्थापित गर्न समावेशितामा उत्पीडनको सिद्धान्तलाई उपयोगमा ल्याउन सकिन्छ ।

सन् १९६० को दशकदेखि नव बाम चिन्तक (New left thinker), नागरिक अधिकार (Civil rights) कर्मी, महिलावादी चिन्तक (Women thinker) हरूले यस सन्दर्भमा ठुलो योगदान पुऱ्याएको पाइन्छ । समाजमा रहेको जातीय अहङ्कार सम्बन्धी समसामयिक मुद्दाका बारेमा सन् १९५० देखि सन् १९६० को दशकयता व्यापक अध्ययन हुन थालेको पाइन्छ । समाजमा भएको परम्परागत सोच अर्थात सांस्कृतिक साम्राज्यवाद (Cultural imperialism) साथै जातीय हिंसा र कलङ्कित (Stigmatizes) व्यवहार आदिका बारेमा उत्पीडनको सिद्धान्तले मार्ग निर्देशन गरेको पाइन्छ (अधिकारी, २०६८) । दूर शिक्षामार्फत समतामूलक समाज निर्माण गरी सन्तुलन कायम गर्न सकिन्छ । सामाजिक न्याय शिक्षा स्थापित गर्नका लागि वर्गीय आन्दोलनले महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । सन् १९६० देखि सन् १९७० को दशकसम्म राजनीतिक चिन्तकहरूले वर्गीय आन्दोलनका मुद्दाहरूलाई बढी जोड दिँदै वकालत गरेका छन् । राजनीतिक मूल्य मान्यतालाई जोड दिँदै बाउल्स तथा जिन्टिस (Bowles and Ginitis, 1987) ले स्पष्ट दृष्टिकोण प्रस्तुत गरेका छन् । यसै गरी नववाम चिन्तकहरूले मार्क्सवादी मूल्यमान्यतालाई व्यवहारमा रूपान्तरण गर्नु पर्ने धारणा प्रस्तुत गरेको पाइन्छ ।

सैद्धान्तिक आधारमा सामाजिक न्याय शिक्षाको अवधारणा विशेष गरी संरक्षित न्याय (commutative justice) र वितरित न्याय (distributive justice) को मून्य मान्यताबाट अगाडि बढेको पाइन्छ । सामाजिक न्याय शिक्षाको विकासका क्रममा सुरुवातमा भक्ति तथा दया भाव (charity) को दृष्टिकोणबाट अगाडि बढेको देखिन्छ । वर्तमानमा दयाभावको स्थानभन्दा पनि अधिकारमा आधारित दृष्टिकोण (right base approach) ले बढी स्थान लिएको पाइन्छ (adhikari, 2014) .

पश्चिमी न्याय (western justice) को विकास बेलायतको 'वेल्स' राज्यबाट एलिजावेथ प्रथमको पालामा भएको हो । मकैको कानुन र गरिबको कानुनको विकासबाट सामाजिक न्याय शिक्षाको सुरुवात भएको हो । सामाजिक न्याय शिक्षा तथा समन्यायले गरिब र असहायका लागि सामाजिक असुरक्षा कम गर्ने वा समग्र जीवन स्तरमा सुधार गर्ने कुरामा जोड दिन्छ (अधिकारी, २०६८) । यसले सम्पूर्ण सामाजिक पक्षरूलाई समाहित गरी मानव जीवन स्तर उकास्न वा सुधार गर्नका लागि उचित सम्बन्ध स्थापना गर्ने अवसर प्रदान गर्दछ । सामाजिक न्याय

शिक्षाले वर्तमानमा कानुन निर्माण प्रक्रियामा महत्त्वपूर्ण योगदान दिँदै अगाडि बढेको छ ।

महिलावादी चिन्तकहरूले लैङ्गिक मुद्दाका बारेमा वकालत गरेको पाइन्छ । महिलावादी चिन्तक इभान्स (Evans, 1979) ले महिला दमन तथा उदारताका बारेमा आफ्नो धारणा सार्वजनिक गराएका छन् । पुरुषवादी मूल्य मान्यता तथा हैकमवादलाई चुनौती दिँदै लैङ्गिक भूमिका, पारिवारिक जीवन, मानवता आदिका बारेमा डिनर्सटने (Dinnerstein, 1976), चाडोरो (Chodorow, 1978) र फायर स्टोन (Firestone, 1970) ले वकालत गरेको देखिन्छ । पहिचानले व्यक्ति वा समाजलाई स्थापित गराउँछ । व्यक्तिवादी तथा सामूहिक चिन्तनका बारेमा योङ्ग (Young, 1990) ले व्यक्तिको अधिकारका लागि उत्सव (Celebration the right of individual) तथा इतिहास र सामाजिक सम्बन्धबाट मुक्त भई स्वतन्त्र रूपमा उठ (Stand free from history and social affiliations) भन्ने तर्कलाई बढी जोड दिएको पाइन्छ । सांस्कृतिक पहिचानका रूपमा मानव समुदाय रहेको हुन्छ भन्दै (Bakhtin, 1981), एप्स्टेन (Epstein, 1987) र भिगोत्स्की (Vygotsky, 1978) ले स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ ।

सामाजिक न्याय शिक्षा व्यवस्थापनको सैद्धान्तिक आधार एकै किसिमको हुन सक्दैन । वर्तमानमा विकसित समालोचनात्मक सोच, खुला बहस, लैङ्गिक चिन्तन, मानव अधिकार सम्बन्धी आधारहरू विकल्पका रूपमा विकास भई आएको पाइन्छ । आधुनिक समाजमा जटिलताहरू व्यापक रहेका छन् । जटिलताको समाधान एउटै मार्गबाट हुन सक्दैन । विकल्पहरूसहितको विधिको शासनद्वारा समाजमा सामाजिक न्याय शिक्षाको सुनिश्चित गराउन सकिन्छ । वर्तमान समाजमा अपाङ्गता, लैङ्गिक चिन्तन, तेस्रो लिङ्गीय मुद्दा, समलिङ्गीय मुद्दा, वर्गीय मुद्दा, क्षेत्रीय मुद्दा आदि सामाजिक न्यायका क्षेत्रमा उठेको पाइन्छ (अधिकारी, २०५७ : १-३) । यसरी वैकल्पिक आधारहरू प्रयोग गरी न्याय पूर्ण समाधान खोज्नु सबैका लागि साझा आवश्यकताको विषय बनिरहेको छ ।

## दूर शिक्षा र सामाजिक न्याय शिक्षाको संरक्षणवादी चिन्तन

दूर शिक्षाले समाजमा सामाजिक न्याय शिक्षाको स्थापना गराउन महत्त्वपूर्ण भूमिका खेल्दछ । शैक्षिक पहुँचको विस्तार गरी सामाजिक सदस्यहरूको समाजिक मूल्य मान्यताप्रतिको सकारात्मक दृष्टिकोणको विकास गराउन महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसैले यो संरक्षणवादी शक्ति हो । यसले समाजमा सामाजिक परिवर्तन विकास, सामाजिक न्याय शिक्षाको व्यवस्थापन गर्न योगदान पुर्‍याउँछ (अधिकारी, सन् २०१४ : १०६-१०८) । **दूर शिक्षाका माध्यमबाट समाजमा भएका संस्कारहरूलाई परिवर्तन गरी सुसंस्कृतीकरण गर्दै नागरिकलाई सभ्य बनाउनु,** आफ्नो मूल्य मान्यतालाई परिवर्तन गरी समय र समाज अनुकूल परिवर्तन गराउनमा सहयोगी भूमिका खेल्छ । त्यसैले दूर शिक्षा संरक्षणवादी चिन्तन वा शक्ति हो । यसले विविध अधिकार र कानुनहरूको निर्माण गरी अभ्यासमा परिणत गर्न सहयोग पुर्‍याउँछ साथै विज्ञानले प्रतिपादन गरेका शैक्षिक आविस्कारलाई व्यवहारमा रूपान्तरण गराउन महत्त्वपूर्ण भूमिका खेल्छ (अधिकारी, सन् २०१४ : १०६-१०८) । **त्यसैले दूर शिक्षा समाज परिवर्तन र सामाजिक न्याय शिक्षाको अभ्यासका लागि संरक्षणवादी चिन्तन वा शक्ति हो ।**

समाज परिवर्तनका २ ओटा मुख्य सामाजिक न्याय शिक्षासँग सम्बन्धित आधार स्तम्भ विकास भएका छन् । पहिलो सामाजिक न्याय शिक्षाको विकासवादी (incremental) चिन्तन हो । यसले समाजमा भएका कानुनी र सामाजिक मूल्य मान्यतालाई समयअनुसार परिवर्तन गरी विकास गर्नुपर्दछ भन्ने कुरामा जोड दिन्छ । सामाजिक न्याय शिक्षाको स्थापना गराउने अर्को दोस्रो चिन्तन क्रान्तिकारी (radical) अवधारणामा आधारित चिन्तन हो । यसले हरेक समाजको विकासका लागि पुनर्संरचना र पुनर्संगठनको विकासवादी अवधारणलाई अङ्गीकार गरेको हुन्छ । यसको अर्थ निर्माणवाद (constructivism) अर्थात् सामाजिक न्याय शिक्षाका लागि आवश्यक नयाँ

कानुनको निर्माण हो (अधिकारी, २०६८) । यी दुबै परिवर्तनवादी चिन्तनका लागि दूर शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले आधुनिक खुला समाजमा दूर शिक्षा समाज परिवर्तन र सामाजिक न्याय शिक्षा स्थापना गर्नका लागि संरक्षणवादी चिन्तन वा शक्तिको रूपमा विकास भएको हो । समाजमा विभिन्न मूल्य मान्यता धर्म, संस्कृति, व्यक्तिगत भिन्नता, आर्थिक, सामाजिक, विषमता र भौगोलिक विकटता आदि रहेका हुन्छन् । ऐतिहासिक अन्तर (historical gap) आदिलाई मध्यनजर गरी सबैलाई समावेश गरी सामाजिक समायोजन (social inclusion) का माध्यमबाट प्रजातान्त्रिक प्रतिस्पर्धाको अवधारणाको आधारमा दूर शिक्षामार्फत सामाजिक फ्युजन (social fusion) अर्थात् सर्वमान्य अवधारणाको विकास हुन्छ । त्यो सबैका लागि मान्य र समाज परिवर्तनको कानुनी आधार स्तम्भ बन्छ ।

## दूर शिक्षा र सामाजिक न्याय शिक्षाको रुपान्तरणवादी चिन्तन

दूर शिक्षाको रूपान्तरणवादी चिन्तनले शैक्षिक आधिपत्यता (educational hegemony) तथा सामाजिक मूल्य मान्यतालाई जोड दिएको पाइन्छ । मानिसलाई सामाजिक प्राणीका रूपमा स्थापित गर्न बोड्र्यु (Bourdieu, 1991) ले ज्ञानलाई व्यवहारमा उतार्न जोड्न पुनः उत्पादन (reproduction) मा जोड दिनुपर्ने तर्क प्रस्तुत गरेका छन् । दूर शिक्षालाई रूपान्तरणकारी शक्तिका रूपमा एन्थोनी गिडेन्स (Giddens, 1984) को चिन्तन र फ्रेरे (Freire, 1970) ले सचेतीकरण (conscientizaton) लाई आधार मानी सामाजिक मूल्य मान्यतालाई रूपान्तरण गर्न सकिन्छ । समाजमा भएका विविध विभेदहरू जस्तै : जातीय, लैङ्गिक, भाषिक आदिको अन्त्य हुनु सामाजिक न्याय शिक्षाको सबल पक्ष हो भन्ने तर्क जिरोक्स (Giroux, 1998) ले राखेको पाइन्छ । मार्क ड्सनले पनि जिरोक्सका सबल पक्षलाई जोड दिएको देखिन्छ । जिरोक्सले आफ्नो पुस्तक Ideology culture and process of schooling, 1981 मार्फत सिकाइलाई सिर्जनात्मक र व्यावहारिक बनाउनु वास्तविक रूपान्तरणवादी चिन्तन हो । हवर्ट जिन्टिस (Hebent Gintis) ले Schooling in capitalist America, 1976 मार्फत कामको बाँडफाँडलाई प्राथमिकता दिएको देखिन्छ । लुकास (Lukass), कानेल कोसिक (Kanel, Kosik) आदिले समाजका द्वन्द्वात्मक क्रियाकलापको विश्लेषण गर्नुपर्दछ भन्ने तर्क राखेको देखिन्छ । ग्रान्सी (Gramsci) ले वैचारिक आधिपत्यता (Ideoligical hegemony) लाई व्यवहारसँग जोडेर अध्ययन गर्नुपर्दछ (Rawls, 1972) भनि स्पष्ट गरेका छन् । यिनै विचारका आधारमा दूर शिक्षाले समाजको परिवर्तन, विकास एवम् रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्छ । अतः यो चिन्तनका माध्यमबाट वर्तमान खुला समाजलाई रूपान्तरण गर्ने कानुनी आधार बन्छ ।

## दूर शिक्षा र सामाजिक न्याय शिक्षाको सुधारात्मक चिन्तन

सुधारवादी (reformative) चिन्तनले सामाजिक गतिविधिहरूले समाजको परिवर्तनका लागि निश्चित क्षेत्रहरूलाई आधार मानी ठूलो परिणाममा परिवर्तन ल्याउन प्रयास गर्दछन् । यसको अर्थ समाजको व्यक्तिगत धारणा र व्यक्तिगत जीवन पद्धतिका साथै विविध अधिकारहरू र नागरिक अधिकारका बारेमा दूर शिक्षाका माध्यमबाट समाज अनुकूल सुधार गराउनु सामाजिक न्याय शिक्षाको दृष्टिकोणले उपयुक्त हुन्छ (अधिकारी, २०६८) । दूर शिक्षा यस्तो सुधारवादी शक्ति हो, जसका माध्यमबाट समाजमा भएका विविध संरचनाहरूलाई सामाजिक नीति नियममा पुनर्संरक्षित गर्दै समाजको विकास र परिवर्तन गराउन सकिन्छ । वास्तविक अर्थमा परिवर्तनको प्रभाव र लक्ष्य हासिल गर्न केन्द्रित रहेका व्यक्ति वा विविध संरचनालाई पुनर्निर्माण गराउँछ । यसले शैक्षिक सामाजिक न्याय शिक्षाको दृष्टिकोणले सुधारवादी चिन्तनलाई व्यवहारमा रूपान्तरण गर्नुपर्छ भनी स्पष्ट गरेको छ । सामाजिक गतिविधि र संस्कारहरूले समाजको कानुनी प्रावधानलाई प्रवर्धन गर्न आवश्यक चुनौतीहरूको सामाना गर्न बारम्बार अभ्यास गरी रहन्छन् । दूर शिक्षाका माध्यमबाट अव्यावहारिक कानुनी समाजलाई व्यवस्थित गरी सामाजिक संरचना र सामाजिक पद्धतिको विकास गराउनुपर्दछ (ऐजन) । हिंसालाई पूर्ण रूपमा त्यागी विधिको शासन स्थापना गरी समाजमा न्याय शिक्षाको व्यवस्थापन गर्नुपर्दछ । यो वास्तविक अर्थमा शैक्षिक सामाजिक न्याय शिक्षाका दृष्टिले सुधारवादी न्याय हो ।

दूर शिक्षाका माध्यमबाट समाजमा न्यायिक कार्यहरू गर्न सकिन्छ । यो सुधारात्मक चिन्तनमा आधारित हुन्छ । यस किसिमको चिन्तन पुनर्जागरण (renaissance) को समयदेखि क्रमशः भइरहेको पाइन्छ । दूर शिक्षामार्फत सुधारात्मक चिन्तनको विकास गराउनका लागि सिकाइ प्रक्रियालाई अन्त्य गरी मानवीय मूल्य र यथार्थतालाई जोड दिनुपर्ने भन्ने मान्यता डेसिडोरिस इरासमस (Desiderius Erasumus), फ्रान्कोसी खेलाज तथा विलियम सेक्सपियर आदिले राखेको पाइन्छ । सुधारात्मक चिन्तनको विकासकै क्रममा लियोनार्डो दा भिन्ची (Leonardo Da Vinchi) सान्द्रो बोटिसेली (Sandro Botticelli), राफेल टिटियन (Rapheal Titian) र माइकेलन्गेलो (Michdangelo) जस्ता कला विज्ञहरूले आफ्ना कालीगड सम्बन्धी कौशलबाट समाजमा सुधारात्मक कार्य गराएको तथ्य पनि पाइन्छ (वाग्ले र कार्की २०५८) । कला साहित्य समाज सुधारको महत्वपूर्ण शक्ति हो । विद्यालयीय शिक्षाको सुधार गरी शिक्षण पद्धतिमा आमूल परिवर्तन गर्ने कार्य मार्टिन लुथर (Matin Luther) ले गरेको पाइन्छ । सन् १४९२ तिर क्रिस्टोफर कोलम्बस (Christopher Columbus) को नयाँ चिन्तनले विश्व समुदायलाई सुधारात्मक दिशामा अगाडि बढाएको इतिहासलाई समेत अध्ययन गर्न सकिन्छ । यी तथ्यलाई अध्ययन गर्दा यो समाजको सुधारवादी चिन्तन तथा आधार हो भनी स्पष्ट हुन सकिन्छ ।

## निष्कर्ष

दूर शिक्षाका माध्यमबाट सम्बन्धित सबैमा चेतना फैलाउनुपर्छ । दूर शिक्षाद्वारा समाजमा चेतनाको विस्तार गर्नका साथै सामाजिक न्याय शिक्षाका विरुद्धमा रहेका कुसंस्कारहरू भताभुङ्ग हुने गर्दछन् । सामाजिक न्याय शिक्षाको विकासमा दूर शिक्षा सबैभन्दा प्रभावकारी माध्यम वा उपाय हो । यसले सामाजिक न्याय शिक्षाको कार्यान्वयनमा हर प्रकारले मद्दत गर्दछ । दूर शिक्षालाई चेतना विकासको सशक्त माध्यम, समाज परिवर्तनको बाहक र मानवीय सशक्तीकरणको प्रमुख हतियार मानिन्छ । यसले मानवीय व्यवहार, मनोवृत्तिका साथै सोचाइमा परिवर्तन ल्याउँछ । यसले मानवीय समाजलाई फराकिलो बनाउँदै जान्छ । सामाजिक न्याय शिक्षाका कदमहरूमा, चेतना अभिवृद्धिका कार्यहरू र न्यायका उपायहरूप्रति मानिसलाई सचेत बनाउने कार्यमा दूर शिक्षाको अग्रगामी भूमिका रहन्छ ।

दूर शिक्षामार्फत सामाजिक न्याय शिक्षाले विशेष परिस्थिति रहेका पक्षहरूबिचमा कसैको हार नभई सबैको जित भएको अनुभूति गराउँछ । समस्याको समाधान र सामाजिक न्याय शिक्षाका लागि दूर शिक्षा महत्त्वपूर्ण आधार हो । समस्याको समाधानमा जित हार दृष्टिकोण राम्रो होइन । यसले धनी र गरिब, बलियो र निर्धो, शक्तिशाली र शक्तिहीन बिचमा मनमुटावको स्थिति कायम राखिरहन्छ । अझ मनमुटावको स्थितिलाई यसले बढावा दिन्छ । सामाजिक न्याय शिक्षाका लागि सबै पक्षको जित अनिवार्य हुन्छ ।

सामाजिक न्याय शिक्षा अधिकारमा आधारित (rights based) अवधारणा भएकाले यसले नागरिक अधिकार (civil rights) लगायत अन्य अधिकारहरूको सुरक्षालाई बढीभन्दा बढी प्रस्ट पार्ने प्रयास यसबाट भएको पाइन्छ । सामाजिक न्यायको स्थिति राम्रो बनाउन क्रमशः निर्णय प्रक्रियामा पहुँच बढाउने, सूचनाको हकको व्यवस्था गर्ने, सामाजिक न्याय शिक्षामा पहुँच बढाउने तथा अन्य मानव अधिकारको पक्षको पनि सुरक्षा बढाउने कार्य हुनुपर्दछ । सामाजिक न्याय शिक्षाले महत्त्व दिने त्यस्ता साँस्कृतिक मूल्य, मान्यता, नीति नियम, व्यवहार र निर्णयहरू हुन्, जसले  समुदायको दिगो विकासमा सहयोग गर्दछ । दूर शिक्षामार्फत मानिसहरू आफ्नो वातावरण सुरक्षित बनाउँदै उत्पादन मुखी वातावरण निर्माणमा सामूहिक अन्तरक्रिया गर्न सक्छन् । दूर शिक्षाले सांस्कृतिक एवम् भौगोलिक विविधताको कदर, सम्मान र उच्च मूल्याङ्कन गराउँछ । त्यसै गरी सामाजिक न्याय शिक्षाले कानुनबाट सबैको समान संरक्षण गर्नुपर्ने भन्ने बुझाउँछ । दूर शिक्षा र सामाजिक न्याय शिक्षा दुवैले स्थान विशेष, क्षेत्र, जात जाति थर, रङ र समुदायका आधारमा गरिने साधन स्रोतहरूको असमान वितरण, पक्षपातपूर्ण भूमिका र भोग्नुपर्ने समस्याको निराकरण आदि जस्ता कुराहरूमा सरोकार राख्छन् ।

## सन्दर्भ सामग्री

अधिकारी, किसानप्रसाद, (२०६८), **सामाजिक न्याय शिक्षा,** काठमाडौँ : अक्सफोर्ड पब्लिकेसन प्रा.लि. अनामनगर ।

अधिकारी, किसानप्रसाद, (सन् २०१४), **शिक्षाको दर्शनशास्त्रीय र समाज शास्त्रीय आधार,** काठमाडौँ : एसिया बुक्स डिस्ट्रिब्युटर्स् प्रा. लि. बागबजार ।

अधिकारी, यज्ञप्रसाद, (२०५७), **सामाजिक न्यायः नेपालको सन्दर्भ, काठमाडौं** : प्रजातन्त्र संवर्धन केन्द्र र फेर्ड्रिक इवर्ट स्टिफ्टुङ ।

कोइराला, विद्यानाथ र आचार्य, सुशन, (२०६१), **सामाजिक न्यायको सेरोफेरोमा शिक्षा, काठमाडौँ :** स्टुडेन्ट्स् बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

वाग्ले, मन प्रसाद र उपेन्द्रकुमार कार्की, (२०५८), **शिक्षाका आधारहरू**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

Adhikari, K. P. (2014). *Justice and democratic rights in Nepalese higher education*. A Mini Research Report, Pokhara: Research Committee, Tribhuvan University, Prithivi Narayan Campus, Bagar.

Bourdieu, P. (1991). *In other words: Essays toward a reflexive sociology*. Cambridge: Polity.

Freire, P. (1970). *The adult literacy process as cultural action for freedom*. New York: Continuum.

Foucault, M. (1972). *The discourse on language, the archeology of knowledge*, New York: Pantheon.

Giddens, A. (1984). *The constitution of society: Outline of the theory of structuration*. Berkeley, CA: University of California Press.

Giroux, H. A. (1996). *Teacher education and the politics of engagement.* MA: Harvard Education Press.

Rawls, J. (1972), *A theory of justice*. Harvard: Harvard University, Press and Clarendeon, Cambridge Mass and Oxford.